नेपाल सरकार
फोन:- ०१-४२००३०९

# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(सूचना तथा विद्युतीय शासन शाखा)

पत्र संख्या:-०७२।०७३
चलानी नं:- ६०

सिंहदरबार,
काठमाण्डौ ।

मिति: २०७२।८।१८

विषय: पत्रकार सम्मेलनमा सहभागी भई दिने बारे ।

श्री पत्रकार सबै
काठमाडौं ।
--------------------------------

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२।८।८ गतेको निर्णयानुसार नेपालको संविधानले नेपाली जनतालाई प्रत्याभूत गरेका हक, अधिकार, कर्तव्य, संविधानका मूलभूत प्रावधान र विशेषताहरुका बारेमा नेपाली नागरिकलाई जानकारी गराउन ०७२ साल मंसिर २१ गतेदेखि पौष २० गतेसम्म एक महिने **"नेपालको संविधान-जनताको संविधान, जनताको संविधान : जनता कै माझमा"** विषयक राष्ट्रव्यापी प्रचार अभियान संचालन गर्न लागेको व्यहोरा विदितै होला ।

सोही सिलसिलामा यस मन्त्रालयबाट २०७२ साल मंसिर २१ गते काठमाडौंको राष्ट्रिय सभागृहमा उक्त अभियानको समुद्घाटन समारोहको आयोजना गरिएको छ । उक्त कार्यक्रमको पूर्वन्ध्यामा उक्त समारोह र राष्ट्रिय अभियानको बारेमा पत्रकार जगत मार्फत सबैलाई जानकारी गराउने उद्देश्यले तपसिलको मिति, समय र स्थानमा पत्रकार सम्मेलनको आयोजना गरिएकोले उक्त पत्रकार सम्मेलनमा उपस्थितीका लागि हार्दिक आमन्त्रण गरिन्छ ।

**(तपसिल)**

मिति : २०७२ साल मंसिर २० गते, आइतवार
समय : बिहान ११:३० बजे
स्थान : मन्त्रालयको सभाहल, सिंहदरवार

०७२।८।१८
..............................
(राम दत्त पाण्डेय)
उप-सचिव

**बोधार्थ**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(संघीय मामिला महाशाखा)
सिंहदरवार, काठमाडौं ।